# विद्यालय सुधार योजना–२०८१

पञ्चवर्षीय योजना २०८१ देखि २०८५ सम्म

## विषय सूची


पेज नं.

हाम्रो भनाइ

योजनाको सारांश

१. विद्यालयको परिचय २

१.१ ऐतिहासिक पृष्ठभूमि २

१.२ भौगोलिक अवस्था ४

१.३ विद्यालय रहेको समुदायको बनोट

१.४ विद्यालय सेवा क्षेत्र

१.५ विद्यालयमा सञ्चालित कार्यक्रmम

१.६ विद्यालय सेवा क्षेत्रको रैथाने ज्ञान, सिप, शैली

२. विद्यालय सुधार योजना निर्माण प्रक्रिmया

२.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

२.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिmया

३. विद्यालयको अवस्था विश्लेषण

३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

३.२ मुख्य समस्या र समाधानका उपाय

४. योजना निर्माण

४.१ विद्यालयको दूरदृष्टि

४.२ उद्देश्य

४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण

४.४ लक्ष्य निर्धारण

४.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण

४.६ पाँच वर्षका लागि बजेट अनुमान

५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना

५.१ विस्तृत कार्यकलाप र बजेट

५.२ वार्षिक कार्य तालिका

५.३ अनुगमन योजना

अनुसूची

१. विद्यालय सुधार योजना निर्माण कार्यशालाको उपस्थिति प्रतिलिपि

२. विद्यालय सुधार योजना स्वीकृतिको निर्णय प्रतिलिपि

३. विद्यालय स्वःमूल्याङ्कन रुजुसूची

## १. विद्यालयको परिचय

### १.२ विद्यालयको ऐतिहासिक पृष्ठभूमि

विश्वशान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मभूमि लुम्बिनीसँग सीमाना जोडिएको गण्डकी प्रदेश अन्तर्गत पर्ने नवलपरासी (ब.सु.पूर्व) जिल्लाको पूर्वपश्चिम महेन्द्र राजमार्गको मध्यभागमा अवस्थित दुम्किबास बजारबाट करिब १२ कि.मि. भित्र विनयी त्रिवेणी गाउँपालिका वडा नं. ४ मा रहेको श्री दीपेन्द्र माध्यमिक विद्यालय, वि.सं. २०३० साल फागुन ७ गते दीपेन्द्र प्रा.वि.को नामबाट विधिवत् रुपमा स्थापना भई आज ५२ वर्षे यात्रा तय गरिसकेको छ ।

भौगोलिक विभाजन अनुसार यो सर्दी क्षेत्र भित्री मधेशको रुपमा रहेको छ । सर्दी एक प्राचीन स्थान हो, मगर भाषामा सर्दीको अर्थ पोखरीमा फुलेको कमल भन्ने हुन्छ । नामजस्तै सुन्दर चारैतिर डाँडाकाँडा हरियाली वन, बिचमा समथर उर्बर भूमि, विनयी खोला लगायतका विभिन्न खोलानाला सहितको प्राकृतिक सम्पदाले भरिपूर्ण, रमणीय फाँटमा घनाबस्तीको बिच भागमा अवस्थित यो ठाउँमा विभिन्न जातजाति, भेषभूषा, विभिन्न सँस्कार, संस्कृति, रितिरिवाज, रहनसहन, सामाजिक मूल्यमान्यताले समृद्ध, विविधतामा एकताको भावना भएका मगर, थारु, कुमाल, ब्राह्मण, क्षेत्री लगायतका विभिन्न जातजातिगत जनताहरुको बसोबास रहेको छ ।

भौगोलिक विभाजन अनुसार यो क्षेत्र २०१८ सालमा सर्दी चर्कला गाऊँ पञ्चायत, २०३२ सालमा बेनीमणिपुर गाऊँ पञ्चायत, २०४९ सालमा बेनीमणिपुर गाऊँ विकास समिति र २०७२ असोज ३ गते पछि नवलपरासी (ब.सु.पूर्व) जिल्ला अन्तर्गत पर्ने विनयी त्रिवेणी गाऊँपालिकाको रुपमा रहेको छ ।

राणाकालमा र प्रजातन्त्र आएपछि पनि सर्दीमा शिक्षाको कुनै नामोनिसान थिएन । कताकति घरेलु शिक्षकहरु राखी आप्mना छोराछोरीलाई साक्षर बनाउने काम चाहिँ भएको थियो तर औपचारिक शिक्षाको सुरुवात भने देशमा प्रजातन्त्र आएको १२ बर्षपछि २०१९ सालमा मात्रै भयो ।

२०१९ सालमा केशवरमण रेग्मीज्यूको अग्रसरतामा श्रीगणेश प्रा.वि. नामाकरण गरी निःशुल्क रुपमा शिक्षाको सुरुवात भयो । श्रीगणेश प्राविको नामबाट सञ्चालित यो विद्यालय स्रोत र साधनको अभावमा २०२६ सालसम्म आइपुग्दा अस्ताउन लागेको जस्तो भयो ।

२०२८ सालमा देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजना बन्यो । देशभरी नै विद्यालय सञ्चालनका लागि व्यवस्थित योजना बन्यो । त्यही योजना लागू गर्ने क्रममा यहाँ एउटा सर्वे टोली आइपुग्यो र जसले वेणीमणिपुर अन्तर्गत १२ ओटा विद्यालयहरु सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै नक्साङ्कन गर्यो । ठिक त्यही बेला सर्दी बगैंचामा एउटा प्रा.वि.को उदय हुन पुग्यो । तर भौगोलिक दूरीका कारण त्यस प्रा.वि.ले धारापानी र देउरालीमा रहेका शिक्षाप्रेमी जनताको शिक्षा लिने चाहनालाई सम्बोधन गर्न सकेन ।

यसैक्रममा यसविषयलाई लिएर वि.सं. २०३० साल फागुनको पहिलो हप्ता धारापानीमा एउटा भेला बस्यो र त्यो भेलाले फागुन ७ गते प्रजातन्त्र दिवसका दिन विद्यालयको सुरुवात गर्ने निर्णय गर्यो । अनि २०३० साल फागुन ७ गते नारायण प्रसाद नेपालको अगुवाइमा पाल्पाका उपसभापति गम्भीरजंग कार्कीको आतिथ्यतामा बसेको वडाध्यक्ष भक्तबहादुर खड्का सहितको भेलाले विद्यालय व्यवस्थापनका लागि एउटा विद्यालय सञ्चालक समिति गठन गर्यो र दीपेन्द्र प्रा.वि.का नामबाट विद्यालय सञ्चालन गर्ने निर्णय गर्यो अनि यहि ऐतिहासिक भेलाबाटै हालको दीपेन्द्र मा.वि.को प्रादुर्भाव हुन पुग्यो ।

उक्त सञ्चालक समितिले प्रधानाध्यापकको रुपमा नारायण प्रसाद नेपाललाई नियुक्त गर्यो भने शिक्षकमा दुर्गा बहादुर बुढाथोकी र मान बहादुर कुमाललाई नियुक्त गर्यो ।

विद्यालयको नाम तत्कालीन युवराज दीपेन्द्रको नामबाट नामाकरण गरिएको थियो । यसैकारण पनि स्थापनाकालमा विद्यालय सञ्चालनको अनुमति र स्वीकृतिका लागि केही सहज भएको थियो । सर्दीमा स्थापित अन्य विद्यालयहरुलाई पछाडि पार्दै यस विद्यालयले २०३३ सालबाट नि.मा.वि. कक्षाहरु सञ्चालन गर्यो । बाक्लो बस्तीका कारण विद्यालयमा विद्यार्थी संख्या उल्लेख्य थियो । ढुङ्गा माटोको गाह्रो सहितको एउटा सामान्य भवन पनि बनाइयो । तर विद्यालयमा निमावि सञ्चालन भएको एक डेढबर्ष नबित्दै २०३४ सालको अन्त्यतिर धारापानीको बसोबासलाई अवैध ठहर गर्दै श्री ५ को सरकारले छानबिन पठायो र सैनिकबल प्रयोग गरेर धारापानीको ठूलो बस्ती उठाइयो । बस्ती उठेसँगै धारापानीमा विद्यालय सञ्चालन हुने अवस्था रहेन । अनि प्रा.वि. सञ्चालित बगैंचाको भानूदय प्रा.वि.लाई अन्यत्रै लगियो र निमावि सञ्चालित यस दीपेन्द्र स्कुललाई बगैंचामा स्थानान्तरण गरियो ।

२०३५ सालमा विद्यालय बगैंचामा आएपछि लामो समयसम्म सञ्चालक समितिको अध्यक्षमा केशवरमण रेग्मी रहनुभयो । स्रोत र साधनका अभावमा विद्यालयमा निकै कठिनाईहरु आइपरे । विद्यालयमा आवश्यक सामग्रीहरु केहि थिएनन्, एउटा जीर्ण भवनमा विद्यालय जनतन चलिरह्यो । यतिखेर प्रधानाध्यापकमा योगेन्द्रदास पटेल हुनुहुन्थ्यो । २०३७ सालमा विद्यालयले कक्षा ८ को जिल्लास्तरीय परीक्षामा विद्यार्थीहरु सम्मिलित गरायो । यसै साल बस्ती बाक्लिँदै गएपछि शिक्षाप्रेमी समाजले मा.वि. सञ्चालनको आवश्यकता महशुस गर्यो र निकै ठुलो संघर्षसहित जनसहयोगमा २०३८ सालमा विद्यालयले मावि सञ्चालनको अनुमति प्राप्त गर्यो, यस कार्यमा तत्कालीन सञ्चालक समितिका अध्यक्ष तथा प्र.पं. केशबरमण रेग्मी, उप प्र.पं. डम्बर बहादुर जि.सी., देवी बहादुर बैदवार, खगेश्वर रेग्मी लगायत सञ्चालक समितिका पदाधिकारी, शिक्षाप्रेमी समाज र सबै अभिभावकहरुको अथक प्रयास रहेको देखिन्छ । पहिलो मा.वि. दरबन्दीमा घनश्याम न्यौपाने (हाल डा. घनश्याम न्यौपाने 'परिश्रमी'का नामले परिचित) आउनुभयो र उहाँ २०४० सालमा प्रधानाध्यापकमा नियुक्त हुनुभयो ।

२०४० सालको पौषमा घनश्याम न्यौपाने प्रधानाध्यापक नियुक्त भएसंगै विद्यालयले केही गति लिन थाल्यो एउटा राम्रो खालको भवन निर्माण पनि भयो । भवन निर्माणमा आर्थिक स्रोत जुटाउनका लागि विद्यालयको जग्गालाई घडेरीका रुपमा विक्री वितरण पनि गरियो । विद्यालयका लागि न्युनतम आवश्यकताभित्र पर्ने डेक्सबेन्च र अन्य केही फर्निचरहरु निर्माण भए । २०४१ सालबाट विद्यालयले पहिलोपटक एस्.एल्.सी. परीक्षामा विद्यार्थीहरु सम्मिलित गरायो । कक्षा १० को टेस्ट परीक्षा दिन अरुणखोला जानुपर्ने बाध्यतालाई हटाउने लगायतका महत्वपूर्ण कार्यहरु भए ।

घनश्याम न्यौपाने पछि डिल्लीराज रेग्मी प्रधानाध्यापक हुनुभयो । २०४५/०५० सालतिर विद्यालयमा विद्यार्थीको चाप बढ्दै गयो । बढ्दो संख्याका कारण मौजुदा पूर्वाधारहरु पनि अपर्याप्त हुन पुगे । विद्यालय फेरी अभावै अभावका बिच गुज्रिन पुग्यो भवनको अभाव, शिक्षकको अभाव, फर्निचरको अभाव, पुस्तकालय, शौचालय, खानेपानी, कार्यालयीय सामग्री आदि अभावहरु विद्यालयले बेहोर्नुपर्यो । चुकाहामा रहेको विद्यालयको एक बिगाहा जग्गा बेचेर भवन बनाइयो । यसपछि भूपू सैनिकको सहयोग, सरकारी तथा गैरसरकारी संघसंस्था, जनश्रमदान, चन्दादाता आदिको सहयोगबाट विद्यालयमा अन्य आवश्यक भवनपनि निर्माण भए ।

२०५५ सालमा विद्यालयले रजत जयन्ती मनायो । द्वन्द्वकालका कारणले गर्दा पनि रजत जयन्ती त्यति उल्लासमय हुन सकेन । यतिबेलासम्म विद्यालयको भौतिक पक्ष त केहि सबल थियो तर शिक्षकको अभावमा शैक्षिक पक्ष भने लथालिङ्ग जस्तै थियो ।

२०४९ सालदेखि २०६० सालसम्म दुर्गा बहादुर गुरुङ, कालिदास रेग्मी, चिन्तामणि खनाल, गरी तीनजना प्रधानाध्यापकहरु कार्यरत हुनुभयो । २०६० सालदेखि ०६४ सालसम्म प्रधानाध्यापक रहनुभएका टोपराज कोइरालाको पालामा उच्च मावि तह सञ्चालनका लागि महत्वपूर्ण आधारशीलाहरु तयार भए र विद्यालयमा २०६३ सालबाट उच्च मावि सञ्चालन हुन पुग्यो । त्यस्तै २०६७ सालबाट उच्च शिक्षाको अभावलाई महसुस गर्दै शिक्षाप्रेमी चन्दादाताहरुको सहयोगमा विद्यालयले आफ्नै हाताभित्र सर्दी बहुमुखी क्याम्पसलाई जन्मायो र हाल यसले नै क्याम्पसको पूर्ण संरक्षण गरी व्यवस्थित रुपमा सञ्चालन गरिरहेको छ । यसैगरी विद्यालयमा २०६८ सालबाट अभिभावकहरुको माग अनुसार अंग्रेजी माध्यमका कक्षाहरु पनि सञ्चालित हुँदै आएका छन् ।

यसरी अनेकौं आरोह अवरोहहरु झेल्दै आएको यो विद्यालयले वि.सं. २०७९ सालमा आफ्नो स्थापनाको गौरवमय ५० औं वार्षिकोत्सवका अवसरमा भव्यताका साथ स्वर्ण जयन्ती मनाउन सफल भयो । यहाँका शिक्षाप्रेमी जनताका साथै सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको साथ र सहयोगका कारण आज यो विद्यालय यस क्षेत्रकै अग्रणी शैक्षिक संस्थाको रुपमा स्थापित हुन सफल भएको छ ।

## १.२ भौगोलिक अवस्थाः

गण्डकी प्रदेश भित्रको भारतसँग सीमाना जोडिएको एकमात्र गाउँपालिका विनयी त्रिवेणी गाउँपालिकाको पूर्वपश्चिम राजमार्ग अन्तर्गत पर्ने दुम्किबास बजारदेखि करिब १२ किलोमिटर उत्तरतर्फ विनयी त्रिवेणी गाउँपालिका वडा नं.–४ सर्दी, बगैंचामा एक उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा यस श्री दीपेन्द्र माध्यमिक विद्यालय अवस्थित छ । वरिपरि पहाड र बिचमा समथर भूभाग भएको कारण यो एक उपत्यका जस्तो पनि देखिने हुनाले यसलाई सर्दी उपत्यका पनि भनिन्छ । यो चारैतर्फबाट हरियो वनले घेरिएको छ । प्रमुख बजारदेखि केही टाढा भएपनि यहाँ कच्ची तथा पक्की मोटरबाटो, बिजुली, खानेपानी, इन्टरनेट, टेलिफोन, हुलाक, प्रहरी चौकी, स्वास्थ्य चौकी, बैंक तथा वित्तीय संस्था, ग्रामीण बजार, होटेल, घरेलु उद्योग, प्राथमिक उपचार लगायतका आधारभूत सुविधाहरू उपलब्ध छन् । हाल यस स्थानमा अन्तर्राष्ट्रिय स्तरको होङ्सी शिवम् सिमेन्ट उद्योग स्थापित छ । यसले यहाँका केही जनतालाई रोजगार दिएको छ भने यसैका कारण चहलपहल बढ्नाले यहाँ केही ससाना व्यवसायहरू पनि स्थापित हुँदै गएको पाइन्छ । यहाँको भूभाग एकदमै उर्वर खेतीयोग्य रहेको पाइन्छ । पहाडबाट बग्दै आउने विनयी खोलासहित अन्य थुप्रै ससाना वर्खे खोलाहरूसमेतले यस भूभागलाई सिञ्चित गर्दछन् । सँगसँगै यी खोलाहरूमा आउने वर्खे भेलबाढीले वर्षेपिच्छे यहाँको जनजीवन अस्तव्यस्त हुने पनि गरेको छ । वर्षायाममा यहाँ कैयौं बस्तीहरु डुबानमा समेत पर्ने गर्दछन्, साथै वर्षायाममा वर्षेनी जाने ससाना पहिरोहरूले समेत यहाँको जनजीवन प्रभावित पार्ने गरेको छ । यसका साथै सर्पदंश समेत यहाँको प्रमुख समस्यामध्येको एक हो । वर्षेनी कैयौं मानिसहरू यहाँ सर्पदंशको सिकार बन्ने गरेका छन् । केही प्राकृतिक समस्याका बाबजूद पनि यो एउटा सुन्दर र रमणीय बस्तीयोग्य स्थान हो । आफ्नो सेवाक्षेत्र भित्र पर्याप्त विद्यार्थीहरु रहेको यस विद्यालयमा १ घण्टासम्म पदैल हिँदेर शिक्षा आर्जन गर्न विद्यार्थीहरु आउने गर्दछन् । एक उपत्यका जस्तै देखिने सर्दीको समथर भूभागमा अवस्थित यो विद्यालय आफ्नो सेवा क्षेत्रमा बालबालिकाहरुलाई शिक्षित तुल्याउन अहोरात्र समर्पित छ । नक्सामा हेर्दा यहाँको भौगोलिक बनोट यस्तो देखिन्छ ।






## १.३ विद्यालय रहेको समुदायको बनोटः

समाजको अग्रगामी परिवर्तनको संवाहक शिक्षा हो भने शिक्षा आदान प्रदान गर्ने प्रमुख स्थल नै विद्यालय हो । विद्यालय समुदाय भित्रको Miniature Society हो भन्नुमा अनुपयुक्त नहोला । ब्राह्मण, क्षेत्री, जनजाती र दलित जाति विशेष गरेर यो विद्यालयबाट लाभान्वित भएका छन् । घनावस्ती र बगैंचा बजारमा रहेको यस दीपेन्द्र माध्यमिक विद्यालय सेवा क्षेत्र भित्रको विभिन्न सामाजिक अवस्थालाई निम्नानुसार दर्शाउन सकिन्छ ।

### क. सामाजिक, साँस्कृतिक तथा धार्मिक बनोटः

यस विद्यालयको सेवा क्षेत्र भित्र बसोबास गर्ने समुदायको जनसंख्या करिब १८,००० संख्या रहेको छ । यहाँ बसोबास गर्ने जनसंख्यामध्येमा अधिकांश आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको पाइन्छ । थारु, कुमाल र मगर जातिका मानिसहरूको संख्या यहाँ अधिक रहेको छ । सँगसँगै यस ठाउँमा ब्राह्मण, क्षेत्री, नेवार र दलित समुदायका व्यक्तिहरु पनि उल्लेख्य रुपमा बसोबास गर्दछन् । जातिगत विविधता र मैत्रीपूर्ण बसोबास यसको विशेषता हो । नेपाली मूल्य, मान्यताहरुलाई आत्मसात् गर्दै एक अर्कामा सहयोगको भावना लिई एकले अर्कोलाई साथ दिँदै जिउँदाको जन्ती, मर्दाको मलामी जस्तो गरी मैत्रीपूर्ण व्यवहार प्रदर्शन गर्नु यहाँको समुदायको सामाजिक विशेषता हो ।

दसैं, तिहार, तीज, बुद्ध पूर्णिमा, ल्होसार, गाइजात्रा, माघी पर्व, जितिया पर्व आदि यहाँका साँस्कृतिक पर्वहरु हुन् । थारु, कुमाल, मगर ब्राह्मण, नेवार, दलित समुदायका परम्परागत भेषभूषाहरु यहाँ प्रचलित छन् । विभिन्न समुदायले आआफ्ना पर्वका अवसरमा साँस्कृतिक कार्यक्रमको आयोजना गर्दछन् र ती कार्यक्रमहरुमा यहाँ बसोबास गर्ने सबै समुदायका मानिसहरु उपस्थित हुने गर्दछन् । यहाँ सास्कृतिक विविधता देख्न पाइन्छ ।

विद्यालय सेवाक्षेत्र भित्रका गाउँटोलहरुमा हिन्दू धर्मावलम्बी व्यक्तिहरुको बाहुल्यता रहेको छ । यहाँका अधिकांश मानिसहरूले हिन्दू धर्म मान्ने गर्दछन् । हिन्दू धर्म अन्तर्गतका चाडबाड र साँस्कृतिक मूल्य मान्यताहरू यहाँ स्थापित छन् । यहाँका मानिसहरू हिन्दूसँगै बौद्ध धर्ममा पनि आस्था राख्दछन् । बौद्ध धर्मावलम्बी मानिसहरूको संख्या पनि यहाँ उल्लेख्य रहेको छ । त्यस्तै केही मात्रामा मुस्लिम समुदायका मानिसहरूको बसोवास पनि पाइन्छ । पछिल्लो समय धर्मान्तरण गरी क्रिश्चियन धर्ममा प्रवेश गर्ने कार्य तीब्र रूपमा बढेका कारण र क्रिश्चियन धर्मावलम्बीहरूको संख्या पनि बढ्दै गएको पाइन्छ ।

### ख. भाषिक बनोटः

विद्यालय सेवाक्षेत्र भित्रका गाउँटोलहरुमा मातृभाषाका रुपमा मगर भाषा, थारु भाषा र नेपाली भाषा विशेष प्रचलनमा रहेका छन् भने विभिन्न समुदायका व्यक्तिहरुका बिचको सञ्चारको माध्यम भाषा

नेपाली नै रहेको छ । मातृभाषा फरक फरक भएका व्यक्तिहरुले पनि दोस्रो भाषाका रुपमा नेपाली नै प्रयोग गर्ने गर्दछन् ।

**ग. आर्थिक एवम् लैङ्गिक अवस्थाः**

केहि विकटतापूर्ण मानिने यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुको जीवन गुजाराको प्रमुख माध्यम कृषि नै रहेको पाइन्छ । वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या पनि यहाँ अधिक मात्रामा रहेको छ । यस क्षेत्रमा होङ्सी शिवम् सिमेन्ट उद्योग जस्तो ठूलो उद्योग पनि सञ्चालनमा रहेकोले केहि युवाहरुलाई यसले रोजगारी दिएको छ भने अन्य सानातिना उद्योगहरु पनि यस क्षेत्रमा सञ्चालनमा रहेकाले यस क्षेत्रका युवाहरुको सामान्य रोजगारीको माध्येम बनेको छ । साथै यहाँका व्यक्तिहरुले पसल, होटल, पशुपालन लगायतका पेशा व्यवसाय पनि उल्लेख्य मात्रामा रहेको पाइन्छ । हाल यस क्षेत्रमा केहि मात्रामा शिक्षक, प्राध्यापक, वकिल, डाक्टर, इन्जिनियर, कलाकार लगायत दक्ष जनशक्तिको जग पनि यो विद्यालय भएता पनि बाटो घाटो व्यवस्थीत नहुनु परम्परागत कृषि प्रणालीमा विद्यमान रहनु जस्ता कारणले निम्न र माध्यम वर्गीय जनसमुदायको यस क्षेत्रमा बसोबास रहेको पाइन्छ । आय आर्जनका स्रोतहरु कृषि, पशुपालन, स्वदेश तथा वैदेशिक रोजगार, सरकारी तथा गैर सरकारी कार्यालयहरुमा पेशा, शिक्षण, प्रध्यापक लगायत रहेको देखिन्छ ।

यहाँ पुरूषहरूले रोजगारी गर्ने र महिलाहरूले घर व्यवहारका कार्यहरू गर्ने गर्दछन् । महिलाहरू पनि संगठित रूपमा सशक्त भएर अगाडि बढीरहेको देख्न सकिन्छ । यहाँका महिलाहरू पनि अधिकार सम्पन्न हुँदै गएका देखिन्छन् । पिछडिएको वस्तीका कारण छिटफुट रूपमा लैङ्गिक विभेदका घटनाहरू यदाकदा सुन्नमा आएतानि त्यति ठुलो समस्याका रूपमा लैङ्गिक विभेद देखिँदैन । घर व्यवहारमा महिलाले नै नेतृत्व गर्ने गरेका थुप्रै उदाहरणहरू यहाँ पाइन्छन् । यहाँको साक्षरताको स्थिति निम्नानुसार रहेको छ ।

- साक्षरता प्रतिशत ४५ वर्ष मुनिकाः ७५%
- महिला साक्षरता प्रतिशत ४५ वर्ष मुनिकाः ८०%
- उच्च शिक्षाको स्थिति +2 उत्तीर्णः ३५%
- स्नातक र त्यसभन्दा माथिः २०%

## १.४ विद्यालयको सेवाक्षेत्रः

विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत वडा नं ३, ४, ५ र पाल्पा जिल्लाका निस्दी गाउँपालिका एवम् माथागढी गाउँपालिकाका विभिन्न गाउँ तथा टोलहरु यस विद्यालयको सेवाक्षेत्र भित्र पर्दछन् ।

## १.५ विद्यालयमा सञ्चालित कार्यक्रमः

यस विद्यालयमा प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्मका साधारण तर्फका औपचारिक कार्यक्रमहरू सञ्चालित छन् । कक्षा १ देखि १० सम्म अंग्रेजी माध्यमका कक्षाहरू पनि सञ्चालित छन् ।

## १.६ विद्यालयको सेवाक्षेत्रमा भएको रैथाने, ज्ञान, सिप, शैली

आरन, पानीघट्ट, मिल, ढिकी, जाँतो, हलो, कोदालो, ठेकी, मदानी, दुना, टपरी, बाँसबाट उत्पादित विभिन्न सामग्री, डोको, सुपो, नाम्लो, डाली, थुम्से, गुलेली, पञ्चै बाजा, खैंजडी, मादल, मुजुरा आदि यहाँका परम्परागत कृषि तथा साँस्कृतिक पक्षसँग सम्बन्धित रैथाने ज्ञान, सिप र प्रविधिहरू हुन् भने बटुक, सेलरोटी, चुकौनी, दाल, भात, रोटी, गुन्द्रुक, ढिँडो, चटनी आदि खाद्य सम्बन्धित सिप हुन् । त्यस्तै, गाई तथा भैंसीपालन, बंगुरपालन, कुखुरापालन, माछापालन, बाख्रापालन आदि पालनहरू गर्नु र उखु खेती, धान खेती, मकै खेती, कोदो, गहुँ, तोरी, अम्बा, आँप, केरा, कागति, निउवा, अमिलो, खुदो, पुदिना, फलफूल आदि यहाँ प्रचलित उद्यम तथा जीवनशैलीसँग सम्बन्धित पक्षहरू हुन् ।

# २. विद्यालय सुधार योजना निर्माण प्रक्रिया

## २.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

- अभिभावक शिक्षा कार्यक्रम समय समयमा सञ्चालन गरिएको ।
- कक्षा ५, ८ र १० मा साप्ताहिक तथा मासिक परीक्षाहरु सञ्चालन गरिएको ।
- मूल्यांकन र नतिजा विश्लेषणलाई विशेष प्राथमिकता दिइएको ।
- विद्यार्थी कमजोर देखिएका विषयमा कमजोर देखिनुका कारणहरु पहिचान गरी त्यसको निराकरण तर्फ ध्यान दिइएको ।
- अभिभावकसँग शैक्षिक सुधारका लागि नियमित अन्तक्रिया गरिएको ।
- कक्षा ८, १० र १२ को कोचिङलाई विद्यालय तवरबाटै व्यवस्थित गर्ने कार्यको थालनी गरिएको ।
- कक्षा ५, ८, १० को शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षकहरुको सल्लाह सुझावहरू लिइएको ।
- उत्कृष्ट विद्यार्थीसहित शिक्षकलाई पनि पुरस्कृत गरिएको ।
- कम्तिमा एउटा कक्षा प्रविधिमैत्री बनाउने कार्यको थालनी गरिएको ।
- प्रारम्भिक बाल शिक्षा र कक्षा १ का लागि बुक कर्नर, कार्पेट, आवश्यक फर्निचर र सजावट, खेलसामग्री, शैक्षणिक सामग्री आदिले भरिपूर्ण बनाइएको ।
- अतिरिक्त क्रियाकलापलाई थप सशक्त र प्रभावकारी बनाउने तर्फ ध्यान दिइएको ।

- विद्यालय रंगरोगन, भित्तेलेखन, सूचना पाटि, सुझाव पेटिका आदिलाई व्यवस्थित गरिएको ।
- कक्षा शिक्षकहरुलाई थप सशक्त रुपमा परिचालन गरिएको ।
- गाउँपालिकाको अनुदानमा विद्यालय स्थास्थ्य कार्यक्रम लागु गरिएको ।
- विद्यालयमै नर्स र प्राथमिक उपचारको व्यवस्था गरिएको ।
- अभिभावकलाई विद्यालय आउने र आफ्ना बालबालिकाको शैक्षिक उन्नतिप्रति ध्यान दिने बानिको विकास गराइएको ।
- विद्यार्थीहरूको नेतृत्व विकास तथा प्रतिभा प्रस्फुटनमा सहयोग मिल्ने अभिप्रायले सदन विभाजन, रेडक्रस, स्काउट, इको क्लब, बाल क्लब आदिको गठन गरिएको ।
- विद्यालयका हरेक क्रियाकलापको बारेमा विद्यालयको आफ्नै फेसबुक पेज मार्फत जानकारी दिने गरिएको ।

### २.२ **विद्यालय सुधार योजनाको निर्माण प्रक्रिया**

विद्यालय सुधार योजना निर्माणका लागि सर्वप्रथम विद्यालयद्धारा मिति २०८१ भाद्र ११ र १२ गतेका दिन विव्यस पदाधिकारी, शि.अ.संघ पदाधिकारी, शिक्षक, विद्यार्थी सहितको एउटा संयुक्त कार्यशालाको आयोजना गरिएको थियो । उक्त कार्यशालाका प्रमुख अतिथि विनयी त्रिवेणी गाउँपालिकाका शिक्षा अधिकृत भूपराज पाण्डेयको मार्गनिर्देशनका आधारमा विविध विषयमा छलफल गरी विद्यालय सुधार योजना निर्माणका लागि चार सदस्यीय मस्यौदा लेखन कार्यदल गठन गरिएको थियो । जसको संयोजकमा प्रअ राजु जि.सी. रहनुभएको थियो भने सदस्यहरुमा: सहायक प्रअ गणेश प्रसाद भुसाल, शिक्षक प्रतिनिधि शुकदेव पौडेल र सहयोगी शिक्षक नरु थापा रहनुभएको थियो ।

मिति २०८१ भाद्र १२ गते विद्यालय सुधार योजना निर्माण कार्यदलको बैठक बस्यो र सो कार्यदलले पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा गर्दै आगामी योजना निर्माणका लागि क्रमशः तथ्याङ्क सङ्कलन, विश्लेषण, कार्यशाला सञ्चालनका प्रक्रियाहरू अवलम्बन गरी मस्यौदा लेखनको कार्य सम्पन्न गर्यो र लेखाजोखा समितिमा हस्तान्तरण गर्यो । गाउँपालिकाद्वारा गठित लेखाजोखा समितिको सुझाव अनुसार पुनः यसलाई परिमार्जन समेत गरियो र विव्यसमा पेस गरियो । विव्यसको स्वीकृतिपश्चात् यो विद्यालय सुधार योजना आगामी पाँच वर्ष (२०८१–०८५) का लागि लागु गरिएको छ ।

## ३. विद्यालयको अवस्था विश्लेषण

### ३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

#### ३.१.१ कक्षागत विद्यार्थी विवरण

प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म सञ्चालित यस विद्यालयको चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी विवरण देहायको तालिकामा उल्लेख गरिएको छः

तालिका १ – कक्षागत विद्यार्थी विवरणः

| क्र.सं. | विवरण | विद्यार्थी संख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | | | | | |
| | | छात्रा | छात्र | जम्मा | दलित | अपाङ्गता | सीमान्तकृत | ........ | |
| १ | प्रारम्भिक बालविकास | १४ | ९ | २३ | ३ | – | – | – | |
| २ | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना | ६ | ८ | १४ | ३ | – | – | – | |
| ३ | कक्षा १ | ६ | ८ | १४ | ३ | – | – | – | |
| ४ | कक्षा २ | ९ | १२ | २१ | ४ | – | – | – | |
| ५ | कक्षा ३ | १० | १२ | २२ | ४ | – | – | – | |
| ६ | कक्षा ४ | १४ | २३ | ३७ | २ | – | – | – | |
| ७ | कक्षा ५ | २३ | २५ | ४८ | ७ | – | – | – | |
| | कक्षा १–५ जम्मा | **८२** | **९८** | **१८०** | **२५** | – | – | – | |
| ८ | कक्षा ६ | ३२ | ३८ | ७४ | ८ | – | – | – | |
| ९ | कक्षा ७ | २५ | ३५ | ५८ | १२ | – | – | – | |
| १० | कक्षा ८ | ४० | ४१ | ८७ | १३ | – | – | – | |
| | कक्षा ६–८ जम्मा | **९७** | **११४** | **२१९** | ३३ | – | – | – | |
| ११ | कक्षा ९ | ८१ | ७८ | १६३ | ३० | – | – | – | |
| १२ | कक्षा १० | ८९ | ७३ | १५० | २१ | – | – | – | |
| | कक्षा ९–१० जम्मा | **१७०** | **१५१** | **३१३** | **५१** | – | – | – | |
| १३ | कक्षा ११ | ६५ | ४९ | १११ | १४ | १ | – | – | |
| १४ | कक्षा १२ | ६५ | ५१ | ११६ | ९ | १ | – | – | |
| | कक्षा ११–१२ जम्मा | १३० | १०० | २२७ | २३ | २ | – | – | |
| **कूल जम्मा** | | **४७९** | **४६३** | **९३९** | **१३२** | **२** | – | – | |

### तथ्याङ्क विश्लेषण

- कक्षा १ मा भर्ना भएका कूल १४ जना विद्यार्थीमध्ये प्रारम्भिक बालविकासको अनुभव सहित भर्ना भएका विद्यार्थी संख्या १४ जना (सबै) रहेकोले यो संख्या १००% पुगेको छ ।
- चालू शैक्षिक सत्रमा विद्यालयमा भर्ना भएका कूल विद्यार्थी ४९० जनामध्ये २५० जना (५१%) छात्रा रहेका छन् । छात्रभन्दा छात्राको संख्या बढी हुनका कारण लैङ्गिक जन्मदर छात्राको बढी हुनुका साथै अभिभावकमा छोरीलाइ पनि पढाउनुपर्छ भन्ने चेतनामा वृद्धि हुनु पनि हो ।
- अपाङ्गता भएका जम्मा २ जना विद्यार्थीमध्ये दुवैजनामा सामान्य शारीरिक अपाङ्गता रहेको छ । एकजनाको कानको बाहिरी भाग छैन भने अर्को एकजनामा खुट्टा खोच्याउने समस्या रहेको छ । दैनिक व्यवहार सम्पन्न गर्नमा कुनै पनि समस्या देखिँदैन ।

### ३.१.२ आन्तरिक सक्षमताको अवस्था

विद्यालयको गत शैक्षिक सत्रमा कुल भर्ना भएका विद्यार्थीमध्ये यस शैक्षिक सत्रमा कक्षोन्नति हुने, कक्षा दोहोर्याउने र विद्यालय छोड्ने विद्यार्थी संख्याका आधारमा आन्तरिक सक्षमताको अवस्था देहायको तालिकामा उल्लेख गरिएको छः

तालिका २ – आन्तरिक सक्षमताको अवस्था

| कक्षा | गत शैक्षिक सत्रमा भर्ना हुने विद्यार्थी संख्या | कक्षोन्नति हुने संख्या (क) | दोहोर्याउने संख्या (ख) | छाड्ने र स्थानान्तरण (ग) | कक्षोन्नति हुने दर (%) घ= (क–ख–ग) | दोहोर्याउने दर (%) ग/क×१०० | छाड्ने र स्थानान्तरण दर (%)घ/क×१०० |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | | | | | | % | % |
| कक्षा १ | ३० | २४ | ४ | २ | ८०% | १३.३% | ६.६% |
| कक्षा २ | | | | | % | % | % |
| कक्षा ३ | | | | | % | % | % |
| कक्षा ४ | | | | | % | % | % |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कक्षा ५ | | | | | % | % | % |
| कक्षा १–५ जम्मा | | | | | | | |
| कक्षा ६ | | | | | % | % | % |
| कक्षा ७ | | | | | % | % | % |
| कक्षा ८ | ५० | ४५ | ० | ५ | ९०% | ०% | १०% |
| कक्षा ६–८ जम्मा | | | | | % | % | % |
| कक्षा ९ | | | | | % | % | |
| कक्षा १० | | | | | % | % | % |
| कक्षा ९–१० जम्मा | | | | | % | % | % |
| कक्षा ११ | | | | | | | |
| कक्षा १२ | | | | | | | |

**कक्षा १ को आन्तरिक सक्षमता निर्धारण (यसैगरी कक्षा ६, ९ र ११ को पनि गर्ने)**




**तथ्याङ्क विश्लेषण** (तालिकामा प्रस्तुत गरिएको विवरणका आधारमा तुलनात्मक अध्ययन, कक्षोन्नति दर, विद्यालय छाड्ने दर लगायतको अवस्था विश्लेषण गर्ने ।)

- कक्षा १ मा गत वर्ष भर्ना भएका कुल ३० जना विद्यार्थीमध्ये ४ जना (१३.३%) ले कक्षा दोहोर्याएका छन् । यसको प्रमुख कारण कम उमेरका विद्यार्थी भर्ना हुनु रहेको छ ।

- कक्षा १० का जम्मा विद्यार्थी १०२ जनामध्ये ७४ जना मात्रै कक्षा ११ मा गएका छन् यसको मूल कारण एसइइ मा कम विद्यार्थी मात्रै उत्तीर्ण हुनु हो ।

### ३.१.३ विद्यार्थीको सिकाइ उपलब्धि विवरण

यस विद्यालयको गत शैक्षिक सत्रको मार्क लेजर र विद्यार्थीको व्यक्तिगत विवरणका आधारमा देहायको तालिकामा औसत सिकाइ उपलब्धि उल्लेख गरिएको छः

तालिका –३ विद्यार्थीको औसत सिकाइ उपलब्धि विवरण

| कक्षा | विद्यार्थी संख्या | विषयगत | | | | | | | कक्षागत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | गणित | अंग्रेजी | सामाजिक | विज्ञान | ...... | ..... | |
| प्रारम्भिक बालविकास | | | | | | | | | |
| कक्षा १ | | | | | | | | | |
| कक्षा २ | | | | | | | | | |
| कक्षा ३ | | | | | | | | | |
| कक्षा ४ | | | | | | | | | |
| कक्षा ५ | | | | | | | | | |
| **औसत कक्षा १–५** | | | | | | | | | |
| कक्षा ६ | | | | | | | | | |
| कक्षा ७ | | | | | | | | | |
| कक्षा ८ | | | | | | | | | |
| **औसत कक्षा ६–८** | | | | | | | | | |
| कक्षा ९ | | | | | | | | | |
| कक्षा १० | | | | | | | | | |
| **औसत कक्षा ९–१०** | | | | | | | | | |
| कक्षा ११ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १२ | | | | | | | | | |
| **औसत कक्षा ११–१२** | | | | | | | | | |

## तथ्याङ्क विश्लेषण

- कक्षा १–५ को नेपाली, गणित र अंग्रेजी विषयको औसत सिकाइ उपलब्धि सन्तोषजनक छैन । तुलनात्मक रूपमा अन्य विषयमा केही राम्रो देखिए पनि यो नतिजा पनि उत्कृष्ट मान्न सकिँदैन । यसको मुख्य कारण समयमै रिक्त शिक्षक पदपूर्ति हुन नसक्नु रहेको छ भने अन्य कारणहरूमा प्रशासनद्वारा नियमित अनुगमनको कमी हुनु, योजनाबद्ध शिक्षण नहुनु, शैक्षिक सामग्रीको पर्याप्त प्रयोग नगर्नुका साथै विद्यार्थीको घरायसी वातावरण सिकाइमैत्री नहुनु र अभिभावकको निष्क्रियता पनि देखिन्छ ।
- कक्षा ६–८ को नतिजा कक्षा १–५ को तुलनामा केही राम्रो देखिएको छ, तर यस तहमा पनि गणित, अंग्रेजी र विज्ञान विषयको नतिजा कमजोर नै देखिन्छ, यसको मुख्य कारण विद्यार्थीमा पूर्व कक्षाको सिकाइ पृष्ठभूमि कमजोर हुनु हो भने अन्य कारणहरूमा योजनाबद्ध शिक्षणको अभाव, उपचारात्मक शिक्षणको अभाव, प्रविधिमैत्री कक्षाकोठाको अभाव, शैक्षिक सामग्रीको प्रयोग नगर्नु, विद्यार्थीको निष्क्रियता आदि रहेका छन् ।
- कक्षा ९–१० को औसत सिकाइ उपलब्धि मध्यम देखिन्छ । छिमेकी विद्यालयको तुलनामा यस विद्यालयका विद्यार्थीहरूको नतिजा केही अगाडि रहेको पनि पाइन्छ । यस तहमा गणित विषयको नतिजा सबैभन्दा कमजोर देखिएको छ भने त्यसपछि विज्ञान र अंग्रेजी विषयको नतिजा कमजोर देखिन्छ । यसको प्रमुख कारण विद्यार्थीको पूर्व कक्षाको सिकाइ पृष्ठभूमि कमजोर हुनु हो भने अन्य कारणहरूमा पढाइप्रति विद्यार्थीको अरूचि, उत्प्रेरणामूलक शिक्षणको अभाव, प्रविधिमैत्री शिक्षणको अभाव आदि रहेका छन् ।
- कक्षा ११–१२ को नतिजा केही सन्तोषजनक रहेको पाइन्छ । यसको प्रमुख कारण विद्यार्थी लगनशीलता र शिक्षकको सक्रियता, समय समयमा गरिने परीक्षाहरू आदि रहेका छन् ।

## ३.१.४ शिक्षक विवरण

यस विद्यालयमा हाल कार्यरत शिक्षकको तहगत र विषयगत विवरण यसप्रकार छः

तालिका –४ शिक्षक विवरण

| तह | सञ्चालित सेक्सन संख्या | शिक्षक संख्या | | | | | विषयगत शिक्षक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | जम्मा | | विषय | संख्या | |
| | | स्वीकृत दरबन्दी | राहत | निजीस्रोत र अन्य | जम्मा | महिला | विषय | संख्या | |
| प्रारम्भिक बालविकास | २ | १ | | १ | २ | २ | | | |
| आधारभूत कक्षा १–५ | ७ | ७ | | ३ | १० | ८ | | | |
| आधारभूत कक्षा ६–८ | ६ | ४ | १ | ३ | ८ | १ | नेपाली<br>अंग्रेजी<br>गणित<br>विज्ञान<br>सामाजिक<br>कम्प्युटर | १<br>२<br>१<br>१<br>२<br>१ | |
| माध्यमिक कक्षा ९–१० | ६ | ४ | १ | १ | ६ | १ | नेपाली<br>अंग्रेजी<br>गणित<br>विज्ञान<br>सामाजिक | १<br>१<br>२<br>१<br>१ | |
| माध्यमिक कक्षा ११–१२ | ४ | | २ | | २ | १ | लेखा | २ | |
| **जम्मा** | २५ | १६ | ४ | ८ | २८ | १३ | | | |

**तथ्याङ्क विश्लेषण**

- विद्यालयमा हाल कार्यरत २८ जना शिक्षकमध्ये १६ जना स्वीकृत दरबन्दी, ४ जना राहत, ७ जना निजी स्रोत र १ जना गा.पा. अनुदान अन्तर्गत कार्यरत हुनुहुन्छ । जसमध्ये १३ जना महिला शिक्षक कार्यरत हुनुहुन्छ ।
- तल्ला कक्षाहरूमा विषयगत शिक्षक दरबन्दीहरू ठिकै मात्रामा रहेको भएपनि माध्यमिक तहमा सञ्चालित कक्षा अनुरूप पर्याप्त शिक्षक दरबन्दीको अभावले गर्दा आधारभूत तहमा कार्यरत शिक्षकहरूले माध्यमिक तह पनि अध्यापन गर्नुपरिरहेको छ । यसबाट पनि पर्याप्तता नहुँदा शिक्षकहरूले अधिक घण्टी अध्यापन गराउनुपर्ने बाध्यता समेत रहेको छ । हाल विद्यालयको शिक्षक विद्यार्थी अनुपात ३६:१ रहेको छ ।

### ३.१.५ विद्यालय सञ्चालन अवस्था

यस विद्यालयमा गत शैक्षिक सत्रको विद्यालय सञ्चालनको अवस्था यसप्रकार छः

तालिका – ५ विद्यालय सञ्चालन अवस्था

| क्र.सं. | विवरण | वार्षिक औसत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १. | विद्यालय खुलेको दिन | २२५ | २२० दिनभन्दा बढी |
| | पठनपाठन भएको दिन न्यूनतम वार्षिक | २०० | न्यूनतम वार्षिक |
| | प्रारम्भिक बाल विकासका विद्यार्थीको औसत उपस्थिति | १७५ | न्यूनतम वार्षिक १९० दिन |
| | कक्षा १–५ का विद्यार्थीको औसत उपस्थिति | १८५ | न्यूनतम वार्षिक २१० दिन |
| | कक्षा ६–८ का विद्यार्थीको औसत उपस्थिति | १९० | न्यूनतम वार्षिक २१० दिन |
| | कक्षा ९–१० का विद्यार्थीको औसत उपस्थिति | १९८ | न्यूनतम वार्षिक २२० दिन |
| | कक्षा ११–१२ का विद्यार्थीको औसत उपस्थिति | १९५ | |
| | विद्यालयमा शिक्षकको औसत उपस्थिति | ९३% | विद्यालय खुलेको दिनमध्ये ९२% |

| | | | |
|---|---|---|---|
| | **औसत शिक्षण सिकाइ समय तहगत** | ९५%<br>९२%<br>९५%<br>९५% | कक्षा १–३= ८१६ घण्टा प्रति कक्षा<br>कक्षा ४–५= ९३६ घण्टा प्रति कक्षा<br>कक्षा ६–८= १०२४ घण्टा प्रति कक्षा<br>कक्षा ९–१०= १०२४ घण्टा प्रति कक्षा |

**तथ्याङ्क विश्लेषण**

- गत शैक्षिक सत्रमा विद्यालय सञ्चालन भएको जम्मा दिन २२५ रहेको छ भने परीक्षा, नतिजा प्रकाशन, स्थानीय चाडपर्व आदिलाई कटाउँदा कुल २०० दिन पठनपाठन सञ्चालन भएको देखिन्छ । पठनपाठनको वार्षिक दिन २१० सम्म हुनुपर्नेमा जम्मा २०० दिन मात्रै हुनुलाई राम्रो मान्न सकिँदैन । वर्षमा ४ वटा परीक्षा र स्थानीय चाडवाडका कारणले पनि यस्तो हुन गएको देखिन्छ ।
- सबै तहमा विद्यार्थीहरूको औसत उपस्थिति कम देखिन्छ । न्युन उपस्थितिको कारण तल्ला कक्षाहरूमा विद्यार्थीहरू विद्यालयमा रमाउन नसक्नु, विद्यालय आउन नमान्नु, अभिभावकले चासो नदिनु जस्ता कारणहरू रहेका छन् भने माथिल्लो कक्षाहरूमा महिनाबारीका बेला विद्यार्थी विरामी पर्नु, घरायसी कामले गर्दा स्कुल नआउनु, पढाइप्रति अरूचि हुनु, सानै उमेरमा विवाह हुनु जस्ता थुप्रै कारणहरू रहेका छन् ।
- शिक्षकको उपस्थिति चाहिँ निर्धारित मापदण्ड अनुरूप नै रहेको पाउन सकिन्छ भने तहगत शिक्षण सिकाइ समय शतप्रतिसत हुन नसकेको देखिन्छ । सिकाइ समय शतप्रतिसत हुन नसक्नुका पछाडि अकस्मात् आइपरेका विद्यालय सम्बन्धित विविध गतिविधिहरू रहेको देखिन्छ ।
- विद्यालय सञ्चालन हुने दिन, पठनपाठन सञ्चालन हुने दिन, विद्यार्थीको औसत उपस्थिति, औसत शिक्षण सिकाइ समय लगायतका पक्षहरूको अवस्था कमजोर देखिनुले विद्यालयको समग्र नतिजामा नै गम्भीर असर पुर्याउने हुँदा यी पक्षहरूमा सुधार आवश्यक देखिन्छ ।

### ३.१.६ भौतिक सुविधाको अवस्था

यस विद्यालयको हाल रहेको भौतिक सुविधाको अवस्था यसप्रकार छः

तालिका – ६ भौतिक सुविधाको अवस्था

| क्र.सं. | विवरण | जम्मा संख्या | पर्याप्तता | | मर्मत/सुधार आवश्यक संख्या | भूकम्प प्रतिरोधक वा सुरक्षित संख्या | अपाङ्ग मैत्री भए संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | छ (✓) | छैन (✓) | | | |
| १ | विद्यालय भवन | | ✓ | | | | |
| २ | प्रारम्भिक बालविकास | | ✓ | | | | |
| | २.१ बालविकास केन्द्र/कक्षा | | | | | | |
| | २.२ सिकाइ क्षेत्र/(Learnint space) | | | | | | |
| | २.३ अलगै खेल मैदान | | | × | | | |
| | २.४ प्रारम्भिक बालविकासका लागि तोकिएको न्युनतम सक्षमताको अवस्था | | | | | | |
| ३ | कक्षा कोठा | | | | | | |
| ४ | फर्निचर | | | | | | |
| ५ | जम्मा शौचालय | | | | | | |
| | छात्रा शौचालय | | | | | | |
| | Wash Facilities सहितको शौचालय | | | × | | | |
| ६ | विद्यालय कम्पाउन्ड घेराबार | | | | | | |
| ७ | खानेपानी | | | | | | |
| ८ | खेलकूद मैदान | | | | | | |
| ९ | प्रयोगशाला | | | | | | |
| | ९.१ कम्प्युटर/ICT प्रयोगशाला | | | | | | |
| | ९.२ विज्ञान प्रयोगशाला | | | | | | |
| १० | अध्ययन कक्ष सहितको | | | × | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पुस्तकालय | | | | | | |
| | | | | | | | |

## तथ्याङ्क विश्लेषण

- विद्यालयमा हाल प्रयोग भइरहेका जम्मा भवनहरूमध्ये एउटा १२ कोठे भवन अति जीर्ण रहेको र सम्भावित जोखिम देखिएकोले यसको स्थानमा नयाँ भवन निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको ।
- अलगै खेलमैदानको अभाव हुँदा विद्यालयमा खेलकूदका गतिविधिहरू सञ्चालन गर्न नसकिएको ।
- कम्प्युटर/ICT प्रयोगशाला, विज्ञान प्रयोगशाला, पुस्तकालय जस्ता सुविधाहरू विद्यालयमा भएपनि विद्यार्थीको चाप अनुसार दैनिक प्रयोगयोग्य नदेखिएकोले यसको व्यवस्थापनमा चुनौती देखिएको ।
- शुद्ध खानेपानीको व्यवस्था भए पनि विद्यार्थीको चाप अनुकुल पर्याप्त नरहेको ।
- विद्यालयमा उपलब्ध फर्निचरहरू न्युनतम आवश्यकता मात्रै परिपूर्ति गर्ने खालका र जीर्ण रहेका ।
- कक्षाकोठा पर्याप्त नहुँदा कतिपय ऐच्छिक विषयहरूको अध्यापनमा समस्या देखिएको ।
- आधुनिक सुविधा Wash Facilities सहितको शौचालयको अभावले विद्यार्थीहरूलाई समस्या भएको ।
- अध्ययन कक्षसहितको पुस्तकालयको अभाव रहेको ।
- साँघुरो क्षेत्रफलभित्र न्युनतम भौतिक सुविधा उपलब्ध रहेको यस विद्यालयको भौतिक पक्ष समग्रमा कमजोर नै देखिन्छ । आगामी समयमा विस्तृत योजना सहित यसलाई व्यवस्थित गरी सम्पन्न पार्नुपर्ने चुनौति विद्यालयसामु रहेको देखिन्छ ।

## ३.१.७ विद्यालयको व्यवस्थापकीय प्रबन्ध

विद्यालयको व्यवस्थापकीय प्रबन्ध (गत शैक्षिक सत्रको अभिलेखमा आधारित) देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका – ७ विद्यालयको व्यवस्थापकीय र शैक्षणिक प्रबन्ध

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समितिको गठन | ✓ | | |
| २ | विद्यालय व्यवस्थापन समितिको | ✓ | | वार्षिक पटक ..... |

| | | | | |
|---|---|---|---|---|
| | बैठक | | | |
| ३ | शिक्षक अभिभावक सङ्घको गठन | | | |
| ४ | शिक्षक अभिभावक सङ्घको बैठक | | | वार्षिक पटक ..... |
| ५ | गत आ.व.मा सामाजिक परीक्षण | | | |
| ६ | गत आ.व.को लेखा परीक्षण | | | |
| ७ | कक्षागत अभिभावक बैठक तथा परामर्श | | | |
| ८ | वार्षिकोत्सव/अभिभावक भेला | | | वार्षिक पटक ..... |
| ९ | सरोकारवालाबिच सुनुवाइ कार्यक्रम | | × | |
| १० | शिक्षक आचारसंहिता प्रदर्शन र पालना | | | |
| ११ | विद्यार्थी आचारसंहिता प्रदर्शन र पालना | | | |
| १२ | बाल क्लब गठन र सक्रियता | | | |
| १३ | शिक्षक कर्मचारी बैठक/विषयगत समेत | | | वार्षिक पटक ..... |
| १४ | विद्यालय अनुगमन | | | वार्षिक पटक ..... |
| १५ | विव्यस,शिअसंघबाट विद्यालय अनुगमन | | | वार्षिक पटक ..... |
| १६ | वार्षिक कार्यपात्रो निर्माण | | | |
| १७ | वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन | | | योजना निर्माण र कार्यान्वयन गर्ने शिक्षक संख्या ...... |
| १८ | दैनिक पाठयोजनासहित शिक्षण | | × | पाठयोजना सहित शिक्षण गर्ने शिक्षक संख्या ...... |
| १९ | आधारभूत कक्षामा गणितीय र पठनसीप अभिवृद्धिका लागि योजना र प्रयोग | | × | |

| | | | | |
|---|---|---|---|---|
| २० | स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग | | | |
| २१ | सिकारू आवश्यकता पहिचान र सहजीकरण | | | |
| २२ | प्राथमिक उपचारको व्यवस्था | | | |
| २३ | नियमित विद्यार्थी स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण | | | |
| २४ | विद्यार्थीलाइ दिवा खाजाको व्यवस्थापन | | | |
| २५ | विपत् जोखिम न्यूनीकरणसम्बन्धि कार्यकलाप (विपद् शिक्षा, सम्पर्क व्यक्ति/ समूह, सुरक्षाका लागि योजना, आपत् कालिन निकास नक्साङ्कन) | | | |
| २६ | विद्यालय सामाजिक परीक्षण सामाजिक परीक्षणबाट विद्यालयको प्राप्ताङ्क | | | |
| | ........... | | | |

**तथ्याङ्क विश्लेषण**

- माथिका विवरणहरूमध्ये प्रायः सबै विवरणहरू यथारुपमै भएको पाइन्छ ।
- कतिपय तथ्यहरू जस्तैः दैनिक पाठयोजनासहित शिक्षण, आधारभूत कक्षामा गणितीय र पठनसीप अभिवृद्धिका लागि योजना र प्रयोग, सिकारू आवश्यकता पहिचान र सहजीकरण जस्ता पक्षहरू सही रूपमा नभएको देखिएको हुँदा विद्यालयले यी पक्षहरूमा तत्काल सुधार गर्नुपर्ने देखिन्छ ।

### ३.१.८ शैक्षिक सामग्रीको विवरण

विद्यालयमा विद्यमान शैक्षिक सामग्रीको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका – ८ शैक्षिक सामग्रीको विवरण

| क्र.सं. | सामग्रीका प्रकार | उपलब्धता | | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | उपलब्ध रहेको | उपलब्ध नरहेको | भएको | नभएको | भएको | नभएको |
| १ | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम/ सामग्री | ✓ | | | | ✓ | |
| २ | तहगत पाठ्यक्रम | ✓ | | | | ✓ | |
| ३ | विद्यार्थीलाई सेटमा पाठ्यपुस्तक | | | | | | |
| ४ | विषयगत शिक्षक निर्देशिका | | | | | | |
| ५ | पुस्तकालय | | | | | | |
| ६ | बुक कर्नर | | | | | | |
| ७ | खेलकुदका सामग्री | | ✓ | | | | |
| ८ | अभिभावक र शिक्षक र विद्यार्थीको | | ✓ | | | | |
| ९ | विज्ञान/स्वास्थ्य/शारीरिक विषयका उपकरण/ सामग्री | | | | | | |
| १० | विपत् जोखिम न्यूनीकरणसँग सम्बन्धित सन्दर्भ सामग्री | | | | | | |
| ११ | शिक्षकले स्थानीय स्रोत प्रयोग गरी तयार पारेका शैक्षिक सामग्री | | | | | | |
| १२ | शिक्षक, अभिभावक र विद्यार्थीको सहकार्यमा निर्मित सिकाइ सामग्री प्रदर्शनी | | | | | | |
| १३ | ............ | | | | | | |

**तथ्याङ्क विश्लेषण**

- माथिको तालिकाको आधारमा हेर्दा विद्यालयमा शैक्षिक सामग्रीको राम्रो देखिन्छ ।

- कतिपय शैक्षिक सामग्रीहरूको उपलब्धता पर्याप्तरूपमा नभएकोले यसमा विद्यालयले तत्काल ध्यान दिनुपर्ने देखिन्छ ।

### ३.१.९ आम्दानी र खर्चको विवरण

गत आर्थिक वर्षको विद्यालयको आर्थिक कारोबारको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छः

तालिका – ९ गत आ.व. को आम्दानी र खर्चको विवरण

| क्र.सं. | बजेट शीर्षक | रकम रू. | कैफियत |
|---|---|---|---|
| | **आम्दानीतर्फ** | | |
| | गत आ.व.को मौज्दात | | |
| १ | **सरकारी अनुदान** | | |
| | १.१ तलब भत्ता | | |
| | १.२ छात्रवृत्ति | | |
| | १.३ पाठ्यपुस्तक | | |
| | १.४ विद्यालय सञ्चालन खर्च | | |
| | १.५ भौतिक सुविधा विस्तार | | |
| | १.६ विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | | |
| | १.७ प्रतिविद्यार्थी अनुदान (शिक्षण सिकाइ सामग्री व्यवस्थापन | | |
| | १.८ .... | | |
| | जम्मा (१) | | |
| २ | **समुदाय र संघसंस्था** | | |
| | २.१ नगद रकम/सहयोग (चन्दादाताबाट) | | |
| | २.२ जिन्सी सहायता (रकममा परिणत गर्दा | | |
| | २.३ सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समूह | | |
| | २.४ गैरसरकारी संघसंस्था (I/NGO) प्राप्त हुने रकम सहयोग | | |

| | | | |
|---|---|---|---|
| | २.५ ............... | | |
| | जम्मा (२) | | |
| ३ | **विद्यालयको आन्तरिक आम्दानी** | | |
| | ३.१ विद्यालयको आन्तरिक आम्दानी, भाडा आदिबाट उपलब्ध | | |
| | ३.२ शुल्क | | |
| | ३.३ ................. | | |
| | **जम्मा (३)** | | |
| | **कुल आम्दानी** | | |
| | **जम्मा खर्च भएको रकम** | | |
| | **विद्यालयको कुल मौज्दात रकम** | | |

**तथ्याङ्क विश्लेषण**

- यसबाट विद्यालयको आर्थिक कारोबार पारदर्शी रहेको पाइन्छ ।
- जुन शीर्षकमा बजेट निकासा भएको छ त्यही शीर्षकमा खर्च गरेको पाइन्छ ।
- विद्यालयका कतिपय आवश्यकताहरू पूर्ति गर्न आन्तरिक स्रोत पहिचान गर्नुपर्ने देखिन्छ ।
- ..........................................

### ३.२ मुख्य समस्या र समाधानका उपाय

उल्लेखित तालिका १ देखि ९ मा प्रस्तुत विद्यालयको वर्तमान अवस्था विश्लेषण, चार प्रश्न तथा विद्यालय स्व–मूल्याङ्कन रूजुसूचीका आधारमा विद्यालयका मुख्य समस्या र समाधानका उपाय देहायको तालिकामा बुँदागत रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छः

तालिका –१० समस्या विश्लेषण सारांश तालिका

| क्र.सं. | क्षेत्र | मुख्य समस्या | समाधानका उपाय |
|---|---|---|---|
| १ | **कक्षागत विद्यार्थी विवरण** | | १<br>२<br>३ |
| २ | **आन्तरिक सक्षमताको अवस्था** | | १<br>२ |

| | | | |
|---|---|---|---|
| | | | ३ |
| ३ | **विद्यार्थीको सिकाइ उपलब्धि विवरण** | तहगत सिकाइ उपलब्धि न्युन हुनु,<br>कक्षा १ गणित विषयको औसत सिकाइ न्युन हुनु । | १ विद्यार्थी नियमिततामा वृद्धि<br>२ शिक्षण सिकाइ समय वृद्धि<br>३ राम्रो पाठयोजना निर्माण र प्रयोग |
| ४ | **शिक्षक विवरण** | | १<br>२<br>३ |
| ५ | **विद्यालय सञ्चानल अवस्था** | | १<br>२<br>३ |
| ६ | **भौतिक सुविधाको अवस्था** | | १<br>२<br>३ |
| ७ | **विद्यालयको व्यवस्थापकीय प्रबन्ध** | | १<br>२<br>३ |
| ८ | **शैक्षिक सामग्रीको विवरण** | | १<br>२<br>३ |
| ९ | **आम्दानी र खर्चको विवरण** | | १<br>२<br>३ |

# ४. योजना निर्माण

## ४.१ विद्यालयको दूरदृष्टि

बालमैत्री वातावरणमार्फत् जीवनोपयोगी गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने आकर्षक शैक्षिक गन्तव्यको रूपमा विद्यालय स्थापित हुने छ ।

## ४.२ उद्देश्य

शैक्षिक गुणस्तर प्राप्तिका लागि अभिभावक/समुदायको संलग्नता बढाउँदै विद्यार्थी केन्द्रित सिकाइ वातावरण सिर्जना गर्ने ।

## ४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण

| क्र.सं. | प्राथमिकता प्राप्त कार्य |
|---|---|
| १. | कक्षा १–५ र कक्षा ६–८ को औसत सिकाइ उपलब्धि वृद्धि |
| २. | विद्यार्थी नियमिततामा वृद्धि (सबै कक्षाको) |
| ३. | शिक्षकले अध्यापन गरेको औसत समय वृद्धि |
| ४. | भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण |
| ५. | ........ |
| ६. | ......... |

## ४.४ लक्ष्य निर्धारण

विद्यालयको समग्र विकासका लागि पाँच वर्षमा गर्नुपर्ने प्राथमिकता प्राप्त कार्यलाई तलको तालिकाबमोजिम लक्ष्य निर्धारण गरिएको छः

तालिका –१२ पाँच वर्षका लागि लक्ष्य निर्धारण

| प्राथमिकता प्राप्त कार्य | वर्तमान अवस्था (आधार रेखा) | | पहिलो वर्षको लक्ष्य | | पाँच वर्षको लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | संख्या | अनुपात वा प्रतिशत | संख्या | अनुपात वा प्रतिशत | संख्या | अनुपात वा प्रतिशत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ औसत सिकाइ उपलब्धि (ग्रेड अनुसार मिलान गर्न सकिने) | | | | | | |
| कक्षा १–५ | | ५२ | | ५४ | | ६२ |
| कक्षा १ को गणित विषय | | | | | | |
| कक्षा ६–८ | | | | | | |
| | | | | | | |
| २ विद्यार्थीको औसत हाजिरी | | | | | | |
